# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः २४, मंसिर २३ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका शिक्षा नियमावली (तेस्रो संशोधन) २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।८।२३

व्यास नगरपालिकाको शिक्षा नियमावली २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत गरेका मितिदेखि लागु हुने गरी निम्नानुसार थप गरी संशोधन गरिएको छ :

१. **नियमावलीको नियम ५० (१२)**: व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा करार शिक्षक नियुक्ति गर्नु परेमा अनिवार्य रुपमा स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्नेछ । तर आधारभूत (नि.मा.वि. तह) तह र मा.वि. तहमा राहत अस्थायी वा अनुदानका रिक्त कोटाहरुमा विज्ञान, गणित, अंग्रेजी विषयमा पहिलो पटक विज्ञापन गर्दा स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको उम्मेदवारको दरखास्त नपरेको अवस्थामा मात्र दोस्रो पटक स्थायी अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवारलाई प्राथमिकतामा राखी अध्यापन अनुमति पत्र प्राप्त नगरेका उम्मेदवारहरुबाट समेत दरखास्त लिन सकिने छ । यस्तोमा स्थायी अध्यापन अनुमति पत्र प्राप्त व्यक्ति आएसम्म त्यस्ता उम्मेदवारहरुबाट र अनुमति पत्र प्राप्त उम्मेदवार नआएमा मात्र अनुमति पत्र प्राप्त नगरेका उम्मेदवारबाट बढीमा १ वर्षका लागि शिक्षा नियमावली अनुसार परीक्षा सञ्चालन गरी विद्यार्थीको पठन पाठन प्रकृया सञ्चालन गर्न करार शिक्षक नियुक्त गर्न सकिने छ भन्ने थप गरिएको छ ।

आज्ञाले<br>
डिल्लीराम सिग्देल<br>
प्रमुख प्रशासकीय अधिकृत